# वाचाले मात्रै मेरो परिवारले खान पाउँदैनन्

*कतारमा कार्यरत आप्रवासी श्रमिकहरुको अधिकारको कमजोर अवस्थामा सन् २०२२ को फिफा विश्वकप अगाडि नै ठूलो सुधार ल्याउने भनी कतार सरकारले घोषणा गरेकै लगत्तै मेकानिकल, इञ्जिनियरिङ्ग र प्लम्बिङ्ग क्षेत्रको एउटा कम्पनी मर्करी मिना (Mercury MENA) मा कार्यरत श्रमिकहरु अक्टोवर २०१७ मा दोहाको औद्योगिक क्षेत्रस्थित उनीहरुकै क्याम्पमा अलपत्र पर्न पुगे ।*

*विश्वकपको उद्‌घाटन र समापन हुने कतारको नयाँ 'भविष्यको शहर' लुसेल लगायतका कतारको प्रतिष्ठा मानिएका केही संरचनाहरुमा कार्यरत श्रमिकहरुले महिनौँसम्म बिना तलव काम गर्नु परेको थियो । मर्करी मिनाबाट आफूले पाउँन बाँकी रकम लिउँला र घर फर्किउँला भन्ने आसामा पर्खेर बसेका ती श्रमिकहरु अहिले खान पाउनैका लागि संघर्ष गरिरहेका छन् ।*

*यस आलेखमा एम्नेस्टी इन्टरनेसनलले भारत, नेपाल र फिलिपिन्सका मर्करी मिनाका ७८ जना पूर्व श्रमिकहरुको घटना विवरण समेट्दै कम्पनीले श्रमिकहरुलाई तलव भुक्तानी नगरेको, कानुनी कागजातहरु नदिएको र आवतजावतमा प्रतिवन्ध लगाएको जस्ता श्रम अधिकार उल्लंघनका विषय उजागर गरेको छ ।*

*आफ्नो तलव र सुविधा बापत हजारौँ डलर अझैपनि भुक्तानी पाउन बाँकी मर्करी मिनाका ती श्रमिकहरु घर फर्केका छन्, जसमध्ये धेरैजना कतार जाँदा भन्दा पनि बढी ऋणमा रहेका छन् । उनीहरुको समस्या तुरुन्त सम्बोधन गरिनु पर्दछ, र उनीहरुले पाउन बाँकी रकम उपलब्ध गराइदिन एम्नेस्टी इन्टरनेसनल कतारी निकायहरुसँग आग्रह गर्दछ । त्यस्तै उपयुक्त पारीश्रमिक, कामको उचित मापदण्ड एवं काम परिवर्तन गर्न पाउने र भनाई राख्न पाउने जस्ता श्रमिकहरुको स्वतन्त्रता सुनिश्चित गरेर कतारको श्रम प्रणालीमा आमूल सुधार ल्याउने आफ्नो प्रतिवद्धता पूर्ण रुपमा पूरा कार्यान्वयन गर्न पनि एम्नेस्टीले स्मरण गराएको छ । यदि त्यसो नगरिएमा यस्ता घटनाहरुको कहिल्यै रोकिने छैनन् ।*

*यो दुईमध्येको पहिलो आलेख हो । दोस्रो आलेखले मर्करी मिनाका लागि नेपालमा श्रमिक भर्ना गर्ने कम्पनीको ज्यादतीपूर्ण अभ्यासहरुको बारेमा उल्लेख गरेको छ ।*

भाग २ यस लिङ्कमा गई पढ्न सकिनेछ

कतारी निकायको प्रतिक्रिया यस लिङ्कमा गई पढ्न सकिनेछ

**अर्नेस्टो : एकजना श्रमिकको चरम दुरावस्था**

अर्नेस्टो (नाम परिवर्तन) नोभेम्बर २०१५ मा फिलिपिन्सको मनिलाबाट आफूलाई आकर्षक तलव भुक्तानी गरिने भनी वाचा गरिएको कामका लागि कतारतर्फ उडे । कतारमा कार्यरत अन्य लाखौं आप्रवासी श्रमिकहरुझैँ उनी पनि जीवीकोपार्जनको लागि कमाई गर्ने, कमाएको पैसा घर पठाउने र काममा आउनका लागि भर्ना शुल्क तिर्दा लागेको ऋण चुक्ता गर्ने योजनाको साथ त्यहाँको महत्वाकांक्षी परियोजना, जो धेरैजसो सन् २०२२ को फिफा विश्वकपसँग सम्बन्धित थिए, मा काम गर्न त्यहाँ गएका थिए ।

अर्नेस्टोलाई फिलिपिन्सको एउटा वैदेशिक रोजगार एजेन्सीले मेकानिकल, इञ्जिनियरिङ्ग र प्लम्बिङ्गको विशिष्टीकृत ठेकेदार कम्पनी मर्करी मिनाका लागि भर्ना गरेको थियो । उनलाई कतारको लुसेलमा पाइपिङ्गसम्बन्धी फोरम्यानको काममा खटाइयो । ४५ अरव अमेरिकी डलर खर्च गरी बनाईदै गरेको लुसेललाई 'भविष्यको शहर' भनिन्छ, जहाँ २,६०,००० लाई वसोवास गराइनेछ र यसै शहरमा विश्वकपको उद्‌घाटन र समापन दुवै हुनेछ ।

अर्नेस्टोले आफूले कतार जानुपूर्व 'ग्रिनर पास्चर्स' (अलौकिक स्थान) को रुपमा सपना बुनेको तर त्यो चाँडै नै कटु यथार्थमा बदलिएको एम्नेस्टी इन्टरनेसनललाई बताए । अन्त्यमा उनी झन गरिवी र घरबाट आउँदाको भन्दा ठूलो ऋणको भार बोकेर दुई वर्ष पछि घर फर्कन पुग्छन् ।

मर्करी मिनामा काम सुरु गरेको लगत्तै नोभेम्बर २०१५ देखि नै आफूलाई समस्या पर्न थालेको कुरा अर्नेस्टोले अक्टोवर २०१७ मा एम्नेस्टी इन्टरनेसनललाई बताए । अर्नेस्टोलाई १२ महिनाको वर्किङ्ग भिसा उपलब्ध गराइएको भए पनि कम्पनीले आवासीय अनुमति (रेजिडेन्सी परमिट) कार्ड उपलब्ध गराएन । आफूकहाँ काम गर्न कुनै श्रमिक आइपुगेको ३० दिनभित्र आवासीय अनुमति कार्ड उपलब्ध गराउनु पर्ने सम्बन्धित कम्पनीको जिम्मेवारी भित्र पर्दछ । आवश्यक कागजात आफूसँग नहुँदा श्रमिकहरु जरिवानामा पर्न सक्ने भएतापनि कम्पनीले आवासीय अनुमति कार्ड उपलब्ध नगराएको हो । त्यसको अर्को महिनादेखि उनको तलव भुक्तानीमा ढिलाई हुन थालेको अर्नेस्टोले बताए । कम्पनी आर्थिक समस्यामा परेका कारण त्यस्तो ढिलाई भएको बुझिन्छ ।[1]

पाएको काम किन छाड्नु भन्ने सोच र भुक्तानी पाउन बाँकी रकम हात परेमा त्यसले परिवारलाई सहयोग हुने आशाकासाथ सुरुका दिनहरुमा अर्नेस्टोले मर्करी मिनामा आफूले गरिरहेको कामलाई निरन्तरता दिए । उनलाई आशा थियो, कम्पनीमा देखिएको समस्या समाधान हुनेछ । तर उनको वर्किङ्ग भिसाको म्याद समाप्ति र भुक्तानीमा ढिलाई कायमै रहनुका अलावा आवासीय अनुमति कार्ड उपलब्ध गराउने कुनै छाँटकाटै नभएपछि मार्च २०१६ मा अर्नेस्टोले फिलिपिन्स फर्कने निधो गरे । उनले आफूलाई सो काममा भर्ना गर्ने एजेन्सीलाई घर फर्कनका लागि आफूलाई हवाई टिकट खरीद गरिदिन र कतारबाट वाहिरीने अनुमति मिलाईदिन कम्पनीसँग कुरा गरिदिन भने । कतारको स्पन्सरसीप कानुन बमोजिम कुनै श्रमिकले त्यहाँबाट वाहिरीनका लागि सम्बन्धित स्पन्सरको अनुमति प्राप्त गर्नु पर्दछ ।

तर पनि मर्करी मिनाका परियोजना म्यानेजरले अर्नेस्टोले आफूलाई घर जान दिन गरेको अनुरोध अस्वीकार गरेको उनले बताए । यसले गर्दा उनीसँग त्यही कामलाई निरन्तरता दिएर बस्नुको कुनै विकल्प रहेन । यद्यपि बाँकी तलव भुक्तानी दिने आश्वासन, जुन खासै पूरा भएन, भने दिन छाडिएन । आवासीय अनुमति नभएका कारण उनी जुनकुनै बेला थुनामा पर्न सक्ने जोखिममा थिए ।

अरु कुनै सम्भावना नभएका अर्नेस्टोले मर्करी मिनाको लुसेलस्थित परियोजनामा निरन्तर काम गरिरहे । गम्भीर समस्याहरुले निरन्तरता पाए । स्थानीय व्यवस्थापनले तलव भुक्तानीको प्रतिवद्धता पटक पटक गरेपनि र पछिल्लोपटकस न् २०१६ को डिसेम्बर र सन् २०१७ को मार्चको बीचमा पुनः त्यस्तो प्रतिवद्धता दोहोर्याए पनि उनले मर्करी मिनाबाट तलव भुक्तानी पाएनन् । परिणाम स्वरुप उनको क्याम्पका अन्य श्रमिकहरुले वाध्य भई कम्पनीलाई दवाव दिन थालेको अर्नेस्टोले बताए । उनको क्याम्पका ती श्रमिकहरु पनि छ महिना भन्दा बढी अवधिदेखि आफ्नो बाँकी पैसा पाउने र घर फर्कने आशामा पर्खेर बसेका थिए । केही श्रमिकहरुले काममा जानका लागि बस चढ्नै अस्वीकार थर्न थाले । अर्नेस्टो र उनका केही फिलिपिनी श्रमिक साथीहरुले मार्च २०१७ मा श्रम मन्त्रालय अन्तर्गतको श्रम सम्बन्ध विभागमा उजुरी दर्ता गराए । मर्करी मिनाले 'मध्यस्थता' का कुनै पनि प्रक्रियाहरुमा आफ्नो सहभागिता नजनाएपछि अर्नेस्टो र उनका साथीहरुले दायर गरेको उजुरी श्रम अदालतको प्रक्रियाबाट अघि बढ्यो ।

बढ्दो दवावकाबीच मर्करी मिनाले अर्नेस्टोलाई अप्रिल २०१७ मा एक महिनाको तलव भुक्तानी दियो । अगस्ट २०१७ मा उनको परियोजनाको समाप्तिको समय, जतिबेलासम्म उनको उजुरी श्रम अदालतको बढो झमेलापूर्ण प्रक्रियामा रहिरहेको थियो, मा मर्करी मिनाले अर्नेस्टोलाई उनले कम्पनीबाट २०,४३६ कतारी रियाल (५,६१२ अमेरिकी डलर) भुक्तानी पाउन बाँकी जनाइएको स्टेटमेन्ट उपलब्ध गराएको थियो । तर उक्त बाँकी रकम भने कम्पनीले भुक्तानी गरेन ।

एकातिर चरम ऋणको भार रहेको अर्कोतिर भुक्तान हुन बाँकी तलव पाइन्छ कि भन्ने आशामा कतारमा त्यत्तिकै बसेका अर्नेस्टोले दुखानस्थित एउटा राम्रो तेल कम्पनीमा काम गर्नका लागि १ अक्टोवर २०१७ मा अफर आएपछि आफ्नो

[1] कम्पनीमा चरम रकम अभाव भएको कुरा अप्रिल र नोभेम्बर २०१७ मा मर्करी मिनाका दुईजना व्यवस्थापकले एम्नेस्टी इन्टरनेसनललाई बताए । तीमध्ये एकजना व्यवस्थापकले ठेकेदारहरुले भुक्तानी सन्तुलन कायम नराखी परियोजनाको प्रावधानहरु परिवर्तन गरेको आरोप लगाए भने अर्काले तेलको मूल्यको गिरावटले निर्माण उद्योगमा असर परेको बताएका थिए ।

समस्याको आंशिक समाधाान हुने आशा लिएका थिए । यसअघि मर्करी मिनाले उनलाई “नो अब्जेक्सन सर्टिफिकेट” (एनओसी) दिन नमानेको भएपनि यस पटक भने नयाँ रोजगारदातामा उनको स्पन्सरसीप परिवर्तन गर्नमा मर्करी मिनाको कुनै आपत्ति नहुने भनी एनओसी दिन स्वीकार गर्‍यो । यद्यपि यो सहमति सशर्त थियो । अर्नेस्टोले आफूले पाउन बाँकी सबै तलव दावी गर्न नपाउने शर्त मर्करी मिनाका प्रतिनिधिले उनलाई राखेका थिए । त्यो शर्त पनि स्वीकार गर्न तयार भएका अर्नेस्टोले त्यसका बाबजुद नयाँ काममा जान भने सकेनन्, कारण रेजिडेन्सी परमिट नभएकोमा उनको नाममा झण्डै २,००० कतारी रियाल (५४९ अमेरिकी डलर) बराबरको तिर्न बाँकी जरिवाना जम्मा भएको थियो । मर्करी मिनाले उपलब्ध गराइदिनुपर्ने रेजिडेन्सी परमिट उसले उपलब्धै नगराएको कारण उनीसँग त्यस्तो परमिट नभएको हो ।

कतारको स्पन्सरसीप कानुन कार्यान्वयनको जिम्मेवार कतारको आन्तरिक मामिला मन्त्रालय अन्तर्गतको निकाय सर्च एण्ड फलोअप विभागले उनीमाथिको जरिवाना मिनाहा र घर जान अनुमति दिएपछि भिसाको म्याद सकिएको ६ महिनापछि १५ नोभेम्बर २०१७ मा अर्नेस्टो कतारबाट फर्के । यसरी उनले घर फर्कन दिन कम्पनीलाई अनुरोध गरेको १८ महिनामा उनी फर्कन पाए । उनको ४ महिनाको तलव पाउन बाँकी नै थियो भने कतार आइपुग्दा जति ऋण थियो, फर्कने बेलासम्म ऋण अझ बढेको थियो । उनले आफ्नो सबै सपना “चकनाचुर” भएको एम्नेस्टी इन्टरनेसनललाई बताए । सन् २०२२ को विश्वकप हेर्दाको बखत श्रमिकहरुले यो अवस्था सम्झेर “दिक्दार” मान्ने उनले बताए ।

**विवेक, तलब बेगर अन्य आप्रवासी श्रमिकहरुका लागि “विश्वस्तरको” आवास निर्माणको काम गर्दै**

त्यस्तो अवस्था सामना गर्ने अर्नेस्टो एक्ला थिएनन् । मर्करी मिनाका धेरैजनाले त्यस्तै समस्या भोगेका थिए । अप्रिल २०१७ देखि अप्रिल २०१८ सम्म एम्नेस्टी इन्टरनेसनलले कतारमा त्यस्तै अप्ठ्यारो भोगेका मर्करी मिनाका ७८ जनाको अवस्था विश्लेषण गर्‍यो । जम्मा ४४ जनासँग प्रत्यक्ष अन्तर्वार्ता गरिएको थियो भने ३४ जनाको कागजात अध्ययन गरेको थियो । तीमध्ये ५४ जना नेपालबाट काममा गएकाहरु थिए भने १५ जना भारत र ५ जना फिलिपिन्सबाट गएकाहरु थिए । केही मर्करी मिनामा वर्षौं काम गरेकाहरु थिए तर अधिकांश चै सन् २०१५ देखि गएकाहरु थिए । एम्नेस्टी ती मध्ये केहीसँग निरन्तर सम्पर्कमा रहिआएको छ ।

एम्नेस्टीका अनुसन्धानकर्ताहरुले अन्तर्वार्ता गरेका अधिकांश श्रमिक तलब र अन्य सुविधाको रकम गरी ५,००० देखि ९,००० कतारी रियाल (१,३७० देखि २,४४० अमेरिकी डलर) भुक्तान पाउन बाँकीहरु थिए । तीमध्ये एक दशकभन्दा बढी समय सो कम्पनीमा काम गरेका सबैभन्दा पुराना एक जनाले ८९,९०७ कतारी रियाल (२४,६९२ अमेरिकी डलर) पाउन बाँकी थियो । तीमध्ये अधिकांश श्रमिकहरु कतारको राजधानी दोहास्थित औद्योगिक क्षेत्रको ‘स्ट्रिट ३ क्याम्प’ मा बस्ने गर्दथे । यस क्याम्पमा मात्रै सन् २०१७ को मार्चदेखि तलव भुक्तानी नपाएर पीडित भएका १३४ जना श्रमिकहरु थिए । त्यसका अतिरिक्त मर्करी मिनाका बहराइन र संयुक्त अरब इमिरेट्समा कार्यरत श्रमिकहरुले पनि समस्या भोग्नु परेको सञ्चारमाध्यमहरुले जनाएका थिए । विगतका महिना/वर्षमा एम्नेस्टी इन्टरनेसनलले संयुक्त अरव इमिरेट्स र बहराइनसँग त्यहाँको मर्करी मिनामा कार्यरत श्रमिकहरुले सामना गर्नु परेको समस्या तथा ती समस्या समाधानका लागि चालिएका कदमहरुका बारेमा जानकारी माग गर्दै पत्र लेख्यो । तर एम्नेस्टीले त्यसको कुनै जवाफ पाएन । अझ उल्टै कतारको जस्तो नभै, जानकारीमा आएका समस्या बारेमा अनुसन्धान गर्नका लागि ती देशमा एम्नेस्टी इन्टरनेसनलले प्रवेशको अनुमति समेत पाएन ।

हामीले अन्तर्वार्ता गरेकाहरुले लुसेलको ‘भविष्यको शहर’, कतारको राष्ट्रिय पुस्तकालय, मेसाइद श्रमिक अस्पताल र बर्वा अल-बराहाका श्रमिकहरुको आवास कम्प्लेक्स (जसलाई बर्वा भिलेज पनि भनिन्छ) जस्ता कतारको उच्च प्रतिष्ठाका परियोजनाहरुमा बढो कष्ठकर तवरले काम गरेका थिए । बर्वा भिलेज ५३,००० जना क्षमताको ‘कलाको नमूना (स्टेट अफ द आर्ट)’ विकास लाई कतारी अधिकारीहरुले विश्वकपका संरचना निर्माण तथा अन्य उच्च महत्वका परियोजनामा कार्यरत आप्रवासी श्रमिकहरुलाई कसरी राम्रो व्यवहार गरिएको छ भनी एक नयाँ नमूनाको रुपमा प्रस्तुत गर्ने गरेका छन् ।

मर्करी मिना लुसेल सिटी परियोजना मा लुसेल रियल स्टेट विकास कम्पनी (एलआरइडीसी) द्वारा सम्झौता गरिएको ‘सीपी२’ को ठेकेदार हो, जो आफै कतारी डायर रियल स्टेट इन्भेस्टमेन्ट कम्पनी कतारी डायर को सहायक (सबसिडायरी) हो । बर्वा अल बहाराको श्रमिक आवास परियोजना मा मर्करी मिनालाई मूल ठेकेदार कम्पनी कन्स्ट्रक्सन एण्ड रिकन्स्ट्रक्सन

इन्जिनियरिङ्ग कं. कतार (सीआरसी) का लागि प्लम्बिङ्ग, ढल र विद्युतको कामका लागि सबकन्ट्रयाक्ट गरिएको हो । यी परियोजनाको मुख्य ठेकेदार बर्वा रियल स्टेट ग्रप (बर्वा) हो, जसमा मुख्य लगानी (४५ प्रतिशत हिस्सा) कतारी डायरको रहेको छ । एम्नेस्टी इन्टरनेसनलको जानकारी अनुसार कतारी डायर कतारको स्वतन्त्र पूँजी समूह कतार लगानी प्राधिकरण (कतार इन्भेस्टमेन्ट अथोरिटी) को रियल स्टेट इकाई हो ।

बर्वा अल-बराहामा काम गर्ने एकजना नेपाली श्रमिक विवेक (नाम परिवर्तन) ले सन् २०१५ को मार्चमहिनादेखि मर्करी मिनामा डोरमेट्रिज र कम्युनल क्षेत्रमा इलेक्ट्रीसियनको रुपमा काम गर्न थालेपछि भोग्नु परेका समस्याका बारेमा एम्नेस्टी इन्टरनेसनलका अनुसन्धानकर्ताहरुलाई बताए । अर्नोस्टोले जस्तै विवेकले पनि तलवमा ढिलाई, भुक्तानी नियमित नपाउने जस्ता समस्या भोग्नु परेको थियो । त्यस्तै मार्च २०१७ मा उनको वर्किङ्ग भिसाको म्याद समाप्त भएपछि सो को नवीकरणको लागि कम्पनीले कुनै प्रक्रिया नै अघि बढाइदिएन ।

पक्राउ परिन्छ कि भन्ने त्रासका कारणले त्यहाँ बस्न नचाहेपछि र नियमति तलव बेगर नै काम गर्नु पर्दाको दिक्दारी पश्चात् विवेकले कामबाट राजीनामा दिने र कम्पनीको स्थानीय व्यवस्थापनसँग कतारबाट बाहिरीने व्यवस्थाका लागि अनुरोध गर्ने निधोमा पुगे । कम्पनीले २ अप्रिल २०१७ मा उनको अनुरोध स्वीकृत गरेको उनले बताए । तर पनि उनको बाँकी तलव भने दिएन र परियोजनाको काम समाप्ती भई मूल ठेकेदार कम्पनीबाट मर्करी मिनामा रकम आएपछि बाँकी रकम भुक्तानी दिने मौखिक प्रतिवद्धता भने कम्पनीले गरेको उनी बताउँछन् । खासै विकल्प नरहेपछि उनले परियोजनाको अवधि समाप्त हुने समय जुन २०१७ सम्म तलव र सुविधा वापत आफूले पाउनु पर्ने रकम पर्खेर बिना काम क्याम्पमै बसिरहने निर्णय गरे ।

अक्टोवर २०१७ मा एम्नेस्टी इन्टरनेसनलसँग भेट्दा विवेक अझै पनि मर्करी मिनाले उनलाई भुक्तानी दिन बाँकी रकम पाउने आशामा बसिरहेका थिए । त्यसक्रममा प्रहरी, श्रम मन्त्रालय अन्तर्गतका दुईवटा विभाग र आफ्नै देशको राजदुतावासको 'ढोकाढोका चाहार्दा' आफूले पाएको दुःखका बारेमा उनले एम्नेस्टीलाई बताए । तर ती कुनै पनि निकायबाट केही सहयोग नपाएको उनले बताए । अन्त्यमा नोभेम्बर २०१७ मा चार महिनाको तलव र करारान्तको सुविधा बापतको कुल ८,६०७ कतारी रियाल (२,३६४ अमेरिकी डलर) आफ्नो भुक्तानी पाउन बाँकी रकम हुँदा हुँदै पनि हवाई टिकट खरीदका लागि नातेदारहरुबाट पैसा सापट लिएर त्यहाँको पर्खाइलाई अन्त्य गर्ने निर्णय गरे ।

**मर्करी मिना - जिम्मेवारी र दायित्वबाट भाग्दै**

*"मर्करी मिनामा काम गर्नु भनेको चिट्ठा खेल्नु जस्तै हो, यदि तपाई भाग्यमानी हुनुहुन्छ भने मात्र तपाईले तलव पाउनुहुनेछ ।"*

जोसेफ, मर्करी मिनाका श्रमिक

न्यायको अधिकार, उचित बातावरणमा काम गर्न पाउने अधिकार र उपयुक्त तवरले बसोवास गर्न पाउने लगायतका अधिकारहरुको सम्मान गर्नु मर्करी मिनाको जिम्मेवारी भित्र पर्दछ । यसका अलावा संयुक्त राष्ट्रसंघको व्यवसाय र मानव अधिकार सम्बन्धी निर्देशक सिद्धान्त लगायतका व्यवसाय र मानव अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय मापदण्डहरु पालना गर्नु पनि उसको दायित्वमा पर्दछ । संयुक्त राष्ट्रसंघीय निर्देशक सिद्धान्तको सिद्धान्त ११ अनुसार मानव अधिकारको सम्मान गर्नु "मानव अधिकारप्रतिको आफ्नो दायित्व पूरा गर्ने राज्यहरुको स्वतन्त्र व्यवहार र/वा तत्परतामा निर्भर" गर्दछ र "यसको परिपालना मानव अधिकार संरक्षणका लागि बनेका राष्ट्रिय कानुन र नियमहरु भन्दा माथि र बढी मात्रामा गरिनु पर्दछ ।"

**मर्करी मिनाको विगतको यात्रा**

मर्करी मिना मेकानिकल, इञ्जिनियरिङ्ग र प्लम्बिङ्गको एक विशेषज्ञ ठेकेदार कम्पनी हो जो मध्यपूर्व र उत्तर अफ्रिकाका विभिन्न देशमा कार्यरत रहेको छ। यसलाई पहिला मर्करी मिडिल इस्टको नामले चिनिने गरिन्थ्यो, जुन आइरिस कम्पनी मर्करी इञ्जिनियरिङ्गको सहायक (सब्सिडायरी) को रुपमा रहेको थियो । कर्मरी मिडिल इस्ट कतारको २०२२ विश्वकपको मुख्य केन्द्रबिन्दुमा रहेको थियो, जसले ५०० सिटको वातानुकुलित प्रविधि सहितको (स्टेट अफ द आर्ट कुलिङ्ग) सोकेश रङ्गशाला निर्माणमा प्रमुख भूमिका निर्वाह गरेको थियो । सन् २०१० डिसेम्बरमा कतारले गरेको प्रस्तुतीमा उक्त सोकेश रङ्गशालाको अवधारणा समावेश गरेका कारणले नै कतारलाई फिफा विश्वकप आयोजना गर्ने अवसर दिलाएको थियो ।

सन् २०१३ मा मर्करी मिडल इस्टको पुनर्संरचना पश्चात् यसलाई मर्करी मिना भनी नाम परिवर्तन गरियो र अर्को एउटा क्षेत्रीय निर्माण कम्पनी इरिनाटेकका प्रमुख कार्यकारी अधिकृत मर्करी मिनाको अध्यक्ष तथा प्रमुख कार्यकारी अधिकृत बने । कतारको कर्पोरेटको मालिकको जानकारी भने प्राप्त गर्न सकिएन र त्यहाँ के कस्ता परिवर्तनहरु भए भनेर यकिन गर्न मुश्किल भयो । तर पनि नोभेम्बर २०१७ मा एम्नेस्टी इन्टरनेसनलसँग भएको कुराकानीमा मर्करी मिनाका प्रमुख कार्यकारी अधिकृतले इरिनाटेकलाई 'अभिभावक कम्पनी' भनेका थिए । सार्वजनिक अन्तर्वार्ताहरुमा मर्करी इञ्जिनियरिङ्गका प्रमुख कार्यकारी अधिकृतले पनि आइरिस कम्पनीको मध्यपूर्वमा कुनै परियोजना नरहेको कुरा पनि बताएका थिए ।

फेब्रुवरी २०१५ मा एम्नेस्टी इन्टरनेसनलले अन्तर्वार्ता गरेका सबै मर्करी मिडल इस्टका श्रमिकहरुले आफ्नो स्पन्सर अल मना ट्रेडिङ्ग -मर्करी मिडल इस्टको स्थानीय साझेदार) बाट मर्करी मिनामा परिवर्तन गरिएको सूचना पाएका थिए। कम्पनीमा लामो समय काम गरेका एक जना श्रमिकले एम्नेस्टी इन्टरनेसनलका अनुसन्धानकर्तालाई त्यहाँबाटै "समस्याको पहिलो संकेत" देखा परेको बताए। सन् २०१५ को त्यही बेलादेखि मर्करी मिडल इस्टका उच्च पदस्थ कर्मचारीहरुले छाडेर जान थालेको पनि उनले बताए ।

न्यायको अधिकार, उचित बातावरणमा काम गर्न पाउने अधिकार र उपयुक्त तवरले बसोवास गर्न पाउने लगायतका अधिकारहरुको सम्मान गर्नु मर्करी मिनाको जिम्मेवारी भित्र पर्दछ। यसका अलावा संयुक्त राष्ट्रसंघको व्यवसाय र मानव अधिकार सम्बन्धी निर्देशक सिद्धान्त लगायतका व्यवसाय र मानव अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय मापदण्डहरु पालना गर्नु पनि उसको दायित्वमा पर्दछ । संयुक्त राष्ट्रसंघीय निर्देशक सिद्धान्तको सिद्धान्त ११ अनुसार मानव अधिकारको सम्मान गर्नु "मानव अधिकारप्रतिको आफ्नो दायित्व पूरा गर्ने राज्यहरुको स्वतन्त्र व्यवहार र/वा तत्परतामा निर्भर" गर्दछ र "यसको परिपालना मानव अधिकार संरक्षणका लागि बनेका राष्ट्रिय कानुन र नियमहरु भन्दा माथि र बढी मात्रामा गरिनु पर्दछ।"

निरन्तर रुपमा श्रमिकलाई तलव भुक्तानी नदिनु, उनीहरुलाई उपलब्ध गराउनु पर्ने कानुनी कागजात उपलब्ध नगराउनु र कतिपय घटनाहरुमा श्रमिकहरुलाई काम परिवर्तन गर्न वा कतारबाट बाहिरिन प्रतिबन्ध समेत लगाएको कारणले गर्दा एम्नेस्टी इन्टरनेसनल मर्करी मिनाले मानव अधिकारको सम्मान गर्नु पर्ने आफ्नो कर्तव्य पालना गर्न नसकेको विश्वास गर्दछ । मर्करी मिनाले लगाएका प्रतिबन्धहरुमा श्रमिकहरुले कतारबाट बाहिरिन दिन गरेको अनुरोध अस्वीकार गर्नु, आफूले पाउनु पर्ने रकम त्याग गरेमा मात्र श्रमिकलाई काम परिवर्तन गर्न दिनु, श्रमिकहरुसँग वैध रेजिडेन्सी परमिट नभएका कारण उनीहरुमाथि लादिएको जरिबानाका कारण काम परिवर्तन गर्नै असम्भव अवस्थामा पुर्‍याउनु, आफूले पाउन बाँकी तलव पाइन्छ कि भन्ने आशामा मर्करी मिनामा काम गर्ने क्रमलाई निरन्तरता दिनु वा कतार बसाई लम्ब्याउन बाध्य पारिनु आदि पर्दछन्। श्रमिकहरुले पाउन बाँकी रकम दिने भनी निरन्तर प्रतिवद्धता व्यक्त गर्दै कम्पनीले उनीहरुमाथि त्यस्तो प्रतिबन्धमा पारेको थियो ।


लामो समयसम्म तलब भुक्तानी नदिइनु र निरन्तर झुट बनाइनुलाई श्रमिकहरु उपर मर्करी मिनाबाट गरिएको जबर्जस्ती श्रमको अवस्था मान्न सकिन्छ, किनकी त्यसका कारणबाट श्रमिकहरु थप जोखिममा पर्न सक्दथे र उनीहरु उपर अन्य

प्रकारकार मानव अधिकार ज्यादती हुन सक्दथ्यो ।

मर्करी मिनाको क्रियाकलाप कतारी कानुनको पनि खिलाफमा छ । कतारको स्पन्सरसिप कानुनमा ठूला समस्याहरु भए पनि त्यहाँको कानुनले श्रमिकहरुलाई केही संरक्षण भने प्रदान गर्दछ । उदाहरणको लागि कतारको श्रम कानुन २००४ को दफा ६६, जसलाई सन् २०१५ को कानुन नं. १ को दफा ६६ ले प्रतिस्थापन गरेको थियो, अनुसार रोजगारदाताले श्रमिकहरुलाई समयमै भुक्तानीहरु दिनु पर्दछ । त्यस्तै स्पन्सरसीप कानुन २००९ को दफा ९ र त्यसको प्रतिस्थापन गर्ने कानुन (सन् २०१५ को कानुन नं. २१) अनुसार रोजगारदाता कम्पनीले आप्रवासी श्रमिकहरुलाई परिचयात्मक कागजात उपलब्ध गराउनु पर्ने दायित्व तोकेको छ ।

मर्करी मिनाका व्यवस्थापकहरुले श्रमिकहरुलाई पठाएको खवर र पत्रहरु तथा एम्नेस्टी इन्टरनेसनलले गरेको अन्तर्वार्ताबाट यो कुरा स्पष्ट हुन्छ कि मर्करी मिनाको व्यवस्थापन तलव भुक्तानीमा भैरहेको समस्याको बारेमा पूर्ण रुपमा जानकार थियो । उनीहरुले प्रभावित श्रमिकहरुसँग सो समस्या समाधान गर्ने भनी पटक पटक प्रतिवद्धता पनि गरे । तर कालान्तरमा ती प्रतिवद्धताहरु पूरा भने गरेनन् ।

उदाहरणका लागि १५ जनवरी २०१७ मा एकजना फिलिपिनी श्रमिकले मर्करी मिनाका प्रमुख कार्यकारी अधिकृतद्वारा हस्ताक्षरित एक पत्र (तल दिइएको) प्राप्त गरे । पत्रमा कम्पनीले उनलाई १४,३०० कतारी रियाल (३,९२० अमेरिकी डलर) भुक्तानी गर्न बाँकी रहेको कुरा उल्लेख गरिएको थियो भने आगामी तलव भुक्तानी अर्को हप्ता गरिने र परियोजनाको अन्त्य अर्थात् अप्रिल २०१७ मा कम्पनीले “नीजलाई तिर्न बाँकी रहेको सबै रकम फरफराक गर्न सकिने” भनिएको थियो । पत्रमा यो पनि स्पष्ट पारिएको थियो थियो कि मर्करी मिनाले “परियोजनाको काम सम्पन्न गर्नमा (उनीबाट) पनि त्यसै प्रकारको प्रतिवद्धताको अपेक्षा गरिएको थियो ।”



MERCURY MENA
Excellence in Engineering

Ref. #: MNENA/HO-HR/AS-17/0124 /BAB

15th January 2017

Mr. Javier Acuna Algas
MQ-3349
BAB / Qatar

Subject: Employee Commitment

Dear Javier Acuna Algas,

We write to you upon your request to confirm and commit to you regarding your current outstanding arrears. Further to your sit down with our Finance Manager and agreed that the outstanding amount of your arrears is QAR 14330.00 up to November 2016.

Your next salary will be credited to your account between 19 – 25th of January 2017.

We are also making a commitment to you that at the end of the project we will be in a position to clear all your outstanding arears as well, which will realistically be possible in the month of April 2017.

Mercury MENA's Management sincerely appreciate the efforts and patience demonstrated by you during these difficult economic conditions. We hope that we can continue to expect the same level of commitment from you in closing out the project. Please be assured that Management is not leaving any stone unturned in order to help improve the situation.

Sincerely Yours,


Salman Tahir
Chief Executive Officer

Mercury MENA Electromechanical
P.O.Box : 22495
Doha, Qatar

Electrical | Mechanical | Fire Protection | HVAC | Turnkey Construction | Facility Management | Turnkey Interior Fitout

MERCURY MENA Electromechanical, P.O. Box 22495, Doha, Qatar
Tel +974 44550811 Fax +974 44772611

दुई महिना पछि १४ मार्च २०१७ मा मर्करी मिनाले लुसेल सीपी२ परियोजनामा कार्यरत सबै श्रमिकहरुलाई एउटा मेमो पठाउँदै सो महिनाको २२ तारिखसम्ममा तलब भुक्तानी गर्ने वाचा गर्‌यो । त्यस्तै भुक्तानी हुन बाँकी बक्यौताका सम्बन्धमा उच्च व्यवस्थापनसँग छलफल गरी १९ मार्चमा जानकारी गराइने हुँदा *"सबै श्रमिकहरुलाई तत्कालै आ-आफ्नो काममा फर्कन अनुरोध गरिन्छ"* भनियो ।



Excellence in Engineering

Ref. #: MIEMC/HO-QTR/LA-MS/17/00501/HO

14th March 2017

To,

Mercury Employees
CP02 & Ex QNL Site Employees

**Subject: Pending Salary Payment Plan**

Dear All,

As per the discussion you had with Finance Manager Mr. Khurram, we are confirming the points discussed as below;

1. Based on the discussion first payment will be released to your nominated account on or before Wednesday, 22 March 2017.
2. For the balance payment we will be preparing the payment Schedule and shared to you after the confirmation from the Senior Management by Sunday, 19th March 2017.
3. As per the mutual agreement all employees are requested to resumes their duties at the earliest.

Thanks for the understanding and cooperation.

Sincerely,

**On Behalf of Mercury MENA**

Sajeesh Subramanian
HR Manager

त्यसपछि १ मे २०१७ मा मर्करी मिनाले सबै श्रमिकहरुलाई उनीहरुको क्याम्पमै एक मेमो पठाउँदै एक महिनाको तलव भुक्तानी दिइने प्रतिवद्धता व्यक्त गर्‍यो । साथै सो मेमोमा "तपाईहरुको कामको अन्त्यसम्ममा तपाईहरुलाई भुक्तान गर्न बाँकी सबै रकम भुक्तानी गरिनेछ र तपाईहरुलाई अर्को कम्पनीमा जाने वा घर फर्कने विकल्प उपलब्ध गराइनेछ" पनि भनियो । तर एम्नेस्टी इन्टरनेसनलले अन्तर्वार्ता गरेको तीमध्येका श्रमिकहरुले वाचा गरिए बमोजिमको भुक्तानीहरु पाएनन् ।

Ref. #: «REF_NO»176 /HO-QTR«PROJ»/«COUNTRY_PROJECT»

MERCURY MENA

Excellence in Engineering

## INTERNAL MEMO

01st May 2017

Mercury MENA Employees
Camp – Street No. 03
Doha, Qatar

**Subject:** **Pending Salaries, Payment Plan, and Final Demobilization**

Dear All,

As per our discussions this morning regarding the due salaries and our plan to clear all, please find below our commitment to you

- 1 month salary to be paid to CP-01 and SW-01 employees latest by 2nd May 2017. Sinohydro will continue to support us and will pay another salary within 30 days.
- 1 month salary for all other employees' to be paid at the earliest but not later than 10th of May 2017.
- As you are aware the projects are coming to a close, at the conclusion of your work all your dues will be settled and you will be given the option to transfer to another company or return home. In the meantime we are continuing our efforts to ensure you are paid regularly.

We hope the above commitments are in line with our discussions and please be reminded that doing strikes and/or stopping others from going to work will not help the situation. It will make it worse and the Main Contractors will not release the due money on time because their project is continuously being affected by your actions.

Mercury MENA management appreciate your continued support and cooperation to date and request you all to report to work daily as per the requirement of your respective projects.

Yours Sincerely,
**On Behalf of Mercury MENA**

Note: This letter has been issued for internal communication purpose only

१० अक्टोवर २०१७ मा एम्नेस्टी इन्टरनेसनलका अनुसन्धानकर्ताहरुले सो कम्पनीका अहिलेका स्पन्सर[२] सँग कुरा गरे, जो एकजना अवकाश प्राप्त कतारी जनरल थिए । उनले कम्पनीको आर्थिक अवस्था अत्यन्तै खराव रहेको र धेरैजना श्रमिकहरुको तलव भुक्तानी गर्न नसकिएको एवं उनीहरु घर जान नपाएको कुरा कुरा पुष्टि गरे । सो कम्पनीले आफूलाई स्थानीय स्वामित्व दिने बेलामा गलत कुराहरु बताइएको उनले दावी गरे । श्रम मन्त्रालयले सो कम्पनीलाई कालोसूचीमा राखेको, जसका कारण नयाँ आप्रवासी श्रमिकहरु भर्ना गर्नमा कम्पनीमाथि प्रतिबन्ध लागेको पनि उनले बताए । उनलाई कतार छाडी वाहिर जान पनि प्रतिबन्ध लगाइएको कुरा उनले बताए जुन कुरा कतारको प्रशासनिक विकास, श्रम तथा सामाजिक मामिला मन्त्रालयका अधिकारीहरुले पनि पुष्टि गरेका थिए ।

१३ नोभेम्बर २०१७ मा एम्नेस्टी इन्टरनेसनलका अनुसन्धानकर्ताहरुले मर्करी मिनाका प्रमुख कार्यकारी अधिकृतसँग टेलिफोनमा कुराकानी गरे । श्रमिकहरु विरुद्धको गम्भीर ज्यादती र त्यस कम्पनीका ठूलो संख्याका श्रमिकहरुमाथि पर्न गएको खाद्य संकटको बारेमा विस्तृत रुपमा उल्लेख गरेर इमेल पठाए पश्चात् सो टेलिफोन सम्बाद गरिएको थियो । त्यसबेलासम्म पनि समस्यामा परेका श्रमिकहरु उनीहरुको क्यम्पमै अलपत्र अवस्थामै रहेका थिए ।

प्रमुख कार्यकारी अधिकृतले लामो समयदेखि भुक्तानी अवरुद्ध भएको कुरा स्वीकार गरे तर श्रमिकहरु उपर शोषण भएको कुरा भने अस्वीकार गरे । उनले खराव साझेदारहरुको कारण मर्करी मिना समस्यामा परेको, जसका कारण “रकम अभाव” हुन गएको र ठेकेदार तथा ग्राहकहरुकाबीच भुक्तानीमा विवाद समेत भएको बताए ।

क्याम्पमा अलपत्र अवस्थामा रहेका श्रमिकहरुलाई भेट गर्नुभयो भनी एम्नेस्टीका अनुसन्धानकर्ताहरुले प्रश्न गर्दा उनले “आफू त्यहाँसम्म चै नपुगेको” र उनको मातहतको कर्मचारीले सो सम्बन्धमा हेरिरहेको बताए । उनले “समाधानको लागि कार्यरत” रहेको बताए । कम्पनीको आर्थिक समस्या समाधान तथा श्रमिकहरुको बाँकी रकम भुक्तानी गर्नका लागि बहराइनको जग्गा बिक्री गर्न लागेको उनले बताएका थिए । त्यसका बाबजुद यो आलेखका लागि अन्तर्वार्ता गरिएका ७८ जना श्रमिकहरुमध्ये एक जनाले पनि आफूले भुक्तानी पाउन बाँकी तलव र सुविधाको रकम पाएनन् ।

एम्नेस्टीले विभिन्न किसिमका प्रश्नावलीहरु तयार गरी पठाउने र प्रमुख कार्यकारी अधिकृतले श्रमिकहरुको अवस्था तथा उनीहरुको बाँकी रकम भुक्तानी गर्ने सम्बन्धमा उनको योजना सम्बन्धी जानकारी उपलब्ध गराउने सहमतिका साथ सो टेलिफोन सम्बाद टुंगिएको थियो । एम्नेस्टीले २० नोभेम्बर २०१७ मा इमेल मार्फत् ती प्रश्नावलीहरु पठायो र ३० जनवरी २०१८ मा त्यसको फलोअपमा अर्को इमेल समेत पठायो, तर मर्करी मिनाले भने कुनै जवाफ पठाएन ।

डिसेम्बर २०१७ मा एम्नेस्टी इन्टरनेसनलका अनुसन्धानकर्ताहरुले कम्पनीको कार्यालयको भ्रमण गरे । कयौं श्रमिकहरुले आफूले तलव नपाएको दावी गरे पश्चात् सीर्जीत अदालती कागजातका आधारमा कम्पनीको कार्यालय खाली गराइएको हुन सक्दथ्यो र अदालती कागजात ढोकामा टाँसिएको थियो । जनवरी २०१८ मा एम्नेस्टी इन्टरनेसनलले मर्करी मिनाका प्रमुख कार्यकारी अधिकृतलाई पठाइएको इमेलको पनि कुनै जवाफ दिइएन ।

जुलाई २०१८ मा हामीले पुनः मर्करी मिनाका प्रमुख कार्यकारी अधिकृतलाई एक पत्र लेखी हाम्रो तर्फका सबै गुनासोहरु उल्लेख गरी प्रमुख कार्यकारी अधिकृतलाई तिन उपर आफ्नो प्रतिक्रिया व्यक्त गर्न र थप जानकारीहरु उपलब्ध गराइदिन अनुरोध गर्‍यौं । तर यो आलेख प्रकाशन गरिँदासम्म पनि हामीले कुनै जवाफ पाएका छैनौं ।

---

[२] मे २०१८ सम्म कतारको कानुन अनुसार त्यहाँ सञ्चालित हुने विदेशी कम्पनीहरुले कुनै एकजना कतारी नागरिकलाई स्पन्सर राख्नु पर्दथ्यो र त्यस्ता स्पन्सरहरुमध्ये धेरैजसो सेयरहोल्डर हुने गर्दथे । मे २०१८ मा कतारले एउटा मस्यौदा कानुन स्वीकृत गर्‍यो जस अनुसार कुनै पनि क्षेत्रको व्यवसायमा शतप्रतिशतसम्म वैदेशिक स्वामित्व हुनसक्ने व्यवस्था समावेश गरियो ।

## कतारको आंशिक सुधार र अपर्याप्त प्रतिक्रिया

**कतारमा स्पन्सरसिप प्रणाली : प्रमुख तथ्यहरु**

१. कतारमा आप्रवासी श्रमिकहरु स्पन्सरसीप वा “कफाला” प्रणाली अन्तर्गत रहनु पर्दछ, जस अन्तर्गत कतार प्रवेश गर्ने हरेक आप्रवासी श्रमिकको एक जना “स्पन्सर” हुनु अनिवार्य छ । स्पन्सर सम्बन्धित श्रमिकको रोजगारदाता नै हुनु पर्ने हुन्छ । मर्करी मिना जस्ता अधिकांश निर्माण क्षेत्रका श्रमिकहरुको कतारमा दर्ता भएको रोजगारदाता कम्पनी नै स्पन्सर हुने गर्दछ ।

२. आप्रवासी श्रमिकहरुले करार अवधिभर वा यदि स्थायी करार गरेका रहेछन् भने पाँच वर्षसम्म उनीहरुको स्पन्सरको अनुमति बेगर काम परिवर्तन गर्न सक्दैनन् । यस्तो अनुमतिलाई “एनओसी” (नो अब्जेक्सन सर्टिफिकेट) भन्ने गरिन्छ । यदि श्रमिकले अनुमति वेगर स्पन्सर छाडेमा उनीहरुलाई “भगौडा” मानिन्छ, जुन अपराधको कोटिमा पर्दछ । यस्तो अवस्थामा तिनका स्पन्सरले आन्तरिक मामला मन्त्रालय अन्तर्गतको सर्च एण्ड फलोअप विभागमा जानकारी गराउनु पर्दछ । “भागेका” श्रमिकहरु थुनामा पर्ने र देशनिकाला गरिने जोखिममा रहेका हुन्छन् ।

३. सेप्टेम्बर २०१८ सम्म आप्रवासी श्रमिकहरुले उनीहरुको स्पन्सरको अनुमति बेगर कतार छाड्न पाएनन् । श्रमिकहरुले हरेक पटक कतार छाडेर वाहिरीनका लागि एअरपोर्टस्थित अध्यागमन पार गर्न उनीहरुको रोजगारदाताको स्वीकृतिमा सम्बन्धित निकायबाट “वहिर्गमन अनुमति” प्राप्त गर्नु पर्दथ्यो । कतारको श्रम कानुन अन्तर्गतका आप्रवासी श्रमिकहरुका लागि सेप्टेम्बर २०१८ देखि यो प्रावधान खारेज गरियो, तर सबैका लागि भने यो प्रावधान खारेज भएको छैन । जस्तै घरेलु श्रमिक यसमा पर्दैनन् किनकी उनीहरुलाई श्रम कानुनले समेट्दैन ।

४. आप्रवासी श्रमिकहरुलाई आवासीय अनुमति रेजिडेन्स परमिट (परिचयपत्रको जस्तो आकारमा दिइन्छ) दिइनु पर्दछ, जसले उनीहरुले कतारमा बस्ने र काम गर्ने, तथा अन्य कयौँ आधारभूत कुराहरुमा पहुँचको अधिकार राख्दछन् भन्ने कुरा दर्शाउँदछ । सम्बन्धित निकायबाट यो महत्वपूर्ण कागजातको व्यवस्था गरिदिने जिम्मेवारी स्पन्सरको हो । जुन श्रमिकसँग रेजिडेन्स परमिट छैन वा जस्को परमिट नवीकरण गरिएको छैन, उनीहरुलाई “भागेका” हुन् कि भन्ने शंकाको दृष्टिले हेरिन्छ र परिणाम स्वरुप उनीहरुलाई थुनामा राखिने हुन सक्दछ । त्यस्तो परमिट नभएका श्रमिकहरुलाई दैनिक २०० कतारी रियाल (५५ अमेरिकी डलर) का दरले अत्यधि ६,००० कतारी रियाल (१,६४७ अमेरिकी डलर) सम्म जरिवाना लगाइन्छ, जबकी त्यस्तो परमिट नबनाइदिनु रोजगारदाताको गल्ती हो । यस्तो जरिबाना श्रमिकले कतार छाड्दा वा काम परिवर्तन गर्दा अनिवार्य रुपमा भुक्तानी गर्नै पर्ने हुन्छ ।

५. आप्रवासी श्रमिकहरुलाई स्वास्थ्य कार्ड पनि उपलब्ध गराइनु पर्दछ, जुन रेजिडेन्स परमिट भएकाहरुले मात्र प्राप्त गर्न सक्दछन् । स्वाथ्य कार्ड भएकाहरुको सरकारी स्वास्थ्यकेन्द्रमा सरल लागतको गैर-आकस्मिक स्वास्थ्य सेवा तथा आंशिक भुक्तानी गरिएको औषधिमा पहुँच रहन्छ ।

६. आवासीय अनुमतिको प्रक्रिया पूरा गरे पश्चात् स्पन्सरले आफ्ना श्रमिकहरुको पासपोर्ट उनीहरुलाई नै फिर्ता दिनु पर्ने कानुनी प्रावधान रहेको छ । तर यथार्थमा भने न्युन कमाई हुने काम गर्ने आप्रवासी श्रमिकहरुलाई उनीहरुको पासपोर्ट फिर्ता दिने गरिँदैन ।

७. स्पन्सरहरुले आफ्ना श्रमिकहरुलाई कतारमा आवासको व्यवस्था गर्ने गरिन्छ । निर्माण क्षेत्रमा काम गर्ने श्रमिकहरुलाई सामान्यतयाः डोरमेट्री प्रकारको “लेवर क्याम्प” मा आवासको व्यवस्था गर्ने गरिन्छ जहाँ सामूहिक शौचालय र भान्छा हुने गर्दछ । सन् २०११ देखि “पारीवारिक क्षेत्र” मा लेबर क्याम्प राख्नुलाई गैरकानुनी मानिने गरिएको छ र यो खासगरी जुन क्षेत्रमा कतारी परिवारहरु बस्छन्, ती क्षेत्रलाई ध्यान दिई बनाएको नियम हो ।

८. निश्चित समय मात्र काममा लगाउनु पाइने, अनिवार्य वार्षिक विदा, आवासको उपयुक्त व्यवस्था, स्वास्थ्य र सुरक्षा तथा समयमा तलब दिनु पर्ने लगायतका आप्रवासी श्रमिकहरुको अधिकारहरुका बारेमा त्यहाँको श्रम कानुनले व्यवस्था गरेको छ । श्रम कानुन कार्यान्वयनको अनुगमन कानुन मन्त्रालयको जिम्मेवारी भित्र पर्दछ ।

आफ्ना श्रमिकहरुलाई उपयुक्त र नियमित रुपमा तलब भुक्तानी गर्नुपर्ने, उनीहरुको आवतजावतको अधिकार सम्मान गर्नु पर्ने र कानुनी कागजातहरु उपलब्ध गराउनु पर्ने श्रमिकका मानवअधिकारको सम्मान गर्नमा मर्करी मिना स्पष्टतः विफल भएको पाइयो भने कतार सरकार पनि अन्तर्राष्ट्रिय कानुन बमोजि ती श्रमिकहरुप्रतिको दायित्व पूरा गर्न असफल रह्यो ।

मर्करी मिना जस्ता कम्पनीबाट हुनसक्ने आइएलओ महासन्धि २९ र १०५ लगायतका विभिन्न अन्तर्राष्ट्रिय सन्धिहरुले निषेध गरेका जबर्जस्ती श्रम र मानव अधिकार ज्यादतीहरुबाट श्रमिकहरुलाई संरक्षण प्रदान गर्नु कतारको दायित्व हो । यसका लागि सरकारले प्रभावकारी अनुगमन गर्ने, ज्यादतीको कुनै अवस्था देखिएमा तिनको सम्बोधन गर्ने, अनुसन्धान गर्ने र दोषीलाई जवाफदेही बनाउने गर्नु पर्दछ भने पीडितहरुलाई यथोचित र प्रभावकारी उपचार एवं क्षतिपूर्ति प्रदान गर्नु पर्दछ । मर्करी मिनाका श्रमिकहरुमाथि भएको समस्यामा कतारले ती कामहरु गर्न नसक्नु उसबाट त्यस्ता दायित्व पूरा गर्नुपर्ने जिम्मेवारीको उल्लंघन हुनु हो ।

मर्करी मिनाजस्ता रोजगारदातालाई आफ्ना श्रमिकहरु उपर शोषण गर्न सक्नेसम्मको अधिकार दिएका कारण कतारको श्रम कानुन र त्यस देशको “कफाला” प्रणाली (विस्तृत जानकारीको लागि बक्स हेर्नुहोस्) ले अन्तर्राष्ट्रिय कानुन र मापदण्डहरुको उल्लंघन गरेको छ । उदाहरणको लागि सन् २०१८ को सेप्टेम्बरपछि धेरैजसो आप्रवासी श्रमिकहरुका लागि बहिर्गमन अनुमतिको प्रावधान खारेज गरिनुअघि काम परिवर्तन वा कतार छाडेर जान अनुमति चाहिन्थ्यो ।

सन् २०१० मा २०२२ को फिफा विश्व कपको आयोजकको प्रतिस्पर्धा जिते पश्चात् विश्वकप तथा सोसँग सम्बन्धित संरचनाहरुको बारेमा सार्वजनिक भएसँगै श्रमिकहरुको अधिकारमा सुधार ल्याउनका लागि कतारमाथि दवाव पनि बढ्दै गैरहेको छ । सन् २०१३ को एम्नेस्टी इन्टरनेसनलको प्रतिवेदन **र** दुई महिनाको अवधिमा ४४ जना नेपाली श्रमिकहरुको मृत्यु भएको तथ्यसहित द गार्जियनले गरेको अनुसन्धान लगायतले त्यस्ता दवावहरु सीर्जना गरेका हुन् । ती दवावका कारणले श्रृङ्खलागत तर न्युन मात्रामा सुधारहरु पनि गरिए । ती मध्ये केही सुधारका प्रयासहरु मर्करी मिनाले श्रमिकहरुलाई शोषण गर्नु भन्दा अघिदेखि नै कार्यान्वयनमा आउनु पर्नेहरु पनि थिए ।

मे २०१४ मा कतारले श्रम आप्रवासन प्रणालीमा आफ्ना सुधारका योजना घोषणा गर्‍यो । त्यस घोषणामा उसले स्पन्सरसीप प्रणालीलाई “प्रतिस्थापन” गर्ने पनि बताएको थियो । तर यथार्थमा प्रस्तावित ती सुधारहरु सिमित मात्रै थिए । डिसेम्बर २०१५ मा कतारका अमीरले नयाँ स्पन्सरसीप कानुनमा हस्ताक्षर गरी आगामी वर्ष नयाँ कानुन कार्यान्वयनमा आएसँगै ‘कफाला’ प्रणाली खारेज हुने घोषणा पुनः दोहोर्‍याए । तर कुनै कम्पनीले श्रमिकलाई कतारबाट बाहिरीनबाट रोकेमा त्यसलाई चुनौति दिनका लागि एक नयाँ समितिको व्यवस्था गरिएपनि यथार्थमा भने झन सन् २०१४ को प्रस्तावित सुधार योजनानै विचलित भएको छ ।

एम्नेस्टी इन्टरनेसनल र आइएलओ दुवैले कतारले गरेका ती सुधारहरुले अझै पनि अन्तर्राष्ट्रिय कानुन र मापदण्ड पूरा गर्दैनन् भन्ने उजागर गरे । उदाहरणका लागि खाडीक्षेत्रभरको स्पन्सरसीप प्रणालीको तुलना गर्नका लागि आइएलओले गरेको कानुनहरुको अध्ययन पश्चात् आइएलओले त्यहाँका कानुनले “आप्रवासी श्रमिकहरुलाई देशबाट बाहिरीन वा रोजगारदाता परिवर्तन गर्नका लागि रोक लगाउन सक्ने सम्भावना रहेको र श्रमिकहरुलाई आफूमाथि भएको ज्यादतीपूर्ण अवस्थाबाट मुक्ति पाउनबाट व्यवधान गर्न सक्दछ” भनेको छ । यस प्रकारका पावन्दीहरुले श्रमिकहरुलाई पाँच वर्षसम्म पनि काम परिवर्तन गर्नबाट रोक लगाउन सक्दछ । यसरी काम परिवर्तन गर्न रोक लगाउनुले आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अनुवन्ध को दफा छ मा उल्लेख गरिए बमोजिमको ‘निर्वाध रुपमा काम रोज्ने वा गर्ने’ अधिकार हनन् हुन जान्छ ।

नोभेम्बर २०१५ मा गरिएको एउटा परिवर्तन “तलव सुरक्षा प्रणाली” मर्करी मिनाका श्रमिकहरुका लागि उपयोगी हुन सक्दथ्यो । तलव सुरक्षा प्रणाली अन्तर्गतको नयाँ इलेक्ट्रोनिक भुक्तानी सुरक्षा प्रणाली अनुसार श्रमिकहरुको मासिक तलव भुक्तानी इलेक्ट्रोनिक्स ट्रान्सफर विधिबाट गर्नु पर्दछ । प्रशासनिक विकास, श्रम तथा सामाजिक मामला मन्त्रालयका अधिकारीहरुले सो प्रणाली कार्यान्वयनमा रहेको कुरा एम्नेस्टी इन्टरनेसनललाई पुष्टि गरे । अधिकारहरुका अनुसार कम्पनीले श्रमिकहरुलाई समयमा भुक्तानी नदिएमा सम्बन्धित कम्पनीलाई चेतावनी पठाउने सकिने सो प्रणालीका माध्यमबाटै मर्करी मिनाले पनि आफ्ना श्रमिकहरुलाई भुक्तानी नदिएको कुरा जानकारीमा आएको थियो । त्यसपछि

कम्पनीलाई आवश्यक चेतावनी दिइएको र अन्त्यमा सार्वजनिक अभियोजनकर्ताको जिम्मा लगाइएको थियो । यसैक्रममा सो कम्पनीलाई २०१६ को डिसेम्बरमा 'कालोसूची' मा राखिएको थियो । तत्पश्चात् मर्करी मिनालाई थप आप्रवासी श्रमिकहरु भर्ना गर्न प्रतिवन्ध लगाइएको थियो भने स्पन्सरलाई यात्रामा निषेधादेश जारी गरिएको थियो ।

तलव सुरक्षा प्रणालीबाट दिइएको चेतावनीका कारण कम्तिमा अगस्ट २०१६ को एक पटकको तलब भुक्तानी दिइएको प्रशासनिक विकास, श्रम तथा सामाजिक मामला मन्त्रालयका अधिकारीहरुले एम्नेस्टी इन्टरनेसनलसँगको भेटघाटमा बताए । तर सन् २०१७ देखि त्यस्तो चेतावनीले कम्पनीमा कुनै प्रभाव नपारेको र तलब भुक्तानीमा निरन्तर विफल भएको पनि उनीहरुले बताए । तलव सुरक्षा प्रणालीका माध्यमबाट तलव भुक्तानीमा समस्या देखिएको कुरा जानकारी हुन आएको र कम्पनीको विरुद्धमा केही कारवाही गरिएको भएपनि श्रमिकहरुको तलव भुक्तानी गराउन, उनीहरुको अवस्थालाई कानुनी स्वरुप प्रदान गर्न, उनीहरुको आवतजावतको अधिकार सम्मान गर्न वा उनीहरुहरुलाई क्षतिपूर्ति उपलब्ध गराउनका निम्ति कम्पनी उपर विस्तृत अनुसन्धान गर्ने वा अन्य कारवाहीका प्रक्रिया अघि बढाउने काम भने गरिएको देखिएन ।

कतारी निकायहरुले मर्करी मिनाको उजुरी उपर केही कारवाही अगाडि बढाए । तर त्यो पर्याप्त भने भएन । उदाहरणका लागि, मर्करी मिनाले छ महिनादेखि तलव भुक्तानी नदिइएका ३७ जना फिलिपिनी श्रमिकहरुको उजुरी उपर कतारको श्रम मन्त्रालयले सेप्टेम्बर २०१६ मा कारवाही अघि बढायो । तर कतारस्थित फिलिपिन्सको दुतावासले कारवाही अघि बढाएपछि मात्र मन्त्रालयले कारवाही अघि बढाएको थियो । त्यो उजुरी त्यसपछि एउटा अन्तर्राष्ट्रिय ट्रेड युनियन संस्था विल्डर्स एण्ड वुड वर्कर्स इन्टरनेसनल मा पठाइएको थियो । कम्पनीले अन्त्यमा ती ३७ जना श्रमिकहरुसँग ११ लाख कतारी रियाल (३०२,११५ अमेरिकी डलर) मा सो घटना मेलमिलाप गरेको थियो । ती ३७ जना भने एम्नेस्टी इन्टरनेसनलले अन्तर्वार्ता गरेका यस आलेमा उल्लेख गरिएका ७८ जना मध्येका थिएनन् । एम्नेस्टी इन्टरनेसनललाई मन्त्रालयले लेखेको एक पत्रमा श्रमिकहरुको एउटा समूहले प्रशासनिक विकास, श्रम तथा सामाजिक मामला मन्त्रालयमा उजुरी दर्ता गराएको र त्यसपछि "रोजगारदातालाई बोलाइएको तर उनीहरुसँग रकम नभएको पाइयो" भनी उल्लेख गरिएको थियो ।

पर्याप्त सहयोग वा क्षतिपूर्ति उपलब्ध गराउनबाट कतारी निकायहरु विफल हुनुले गम्भीर असरहरु देखा परे । अक्टोवर २०१७ मा एम्नेस्टी इन्टरनेसनलले ३ वटा क्याम्पमा भ्रमण गर्दासम्म पनि कम्तिमा ८० जना मर्करी मिनाका श्रमिकहरु आफ्नो तलव पर्खेर बसिरहेका थिए र तिनीहरुमध्ये धेरैजसोसँग खाने कुरा पनि पर्याप्त थिएन । मर्करी मिनाको स्थानीय व्यवस्थापनले खानाका लागि प्रतिहप्ता ५० कतारी रियाल उपलब्ध गराउने गरेको थियो । कतिपय अवस्थामा त्यसरी खानाका लागि उपलब्ध गराइने रकम दिनमा पनि दुई हप्तासम्म ढिला गरिन्थ्यो वा रकम पनि पूरै दिने गरिँदैनथ्यो । हामीले अन्तर्वार्ता गरेका श्रमिकहरुले प्राय गरेर दिनमा एक छाक खानु परेको र स्थानीय चर्चको सहयोगबाट उपलब्ध गराइएको खानामा भर पर्नु परेको बताए । क्याम्पमा बाँकी रहेका धेरैजसो मर्करी मिनाका श्रमिकहरु सन् २०१७ को मार्चदेखि अगस्टसम्ममा काममा जान छाडेकाहरु थिए । उनीहरु या त कामबाट राजीनामा दिएकाहरु या उनीहरुको रोजगार करारमा उल्लेख गरिए बमोजिमको परियोजनाको अवधि समाप्त भएकाहरु थिए । तीमध्ये कुनै पनि श्रमिकले सन् २०१७ को मार्चदेखिको तलव भुक्तानी पाएका थिएनन् । कतिपयले त २०१६ को डिसेम्बरदेखि नै कुनै पनि भुक्तानी पाएका थिएनन् र सबै श्रमिकहरुले सेवा अवधिको अन्त्यमा पाइने सुविधाको रकम पाएका थिएनन् ।

एम्नेस्टी इन्टरनेसनलले यो अवस्थाको बारेमा कतारको राष्ट्रिय मानव अधिकार समितिलाई अक्टोवर २०१७ मा ध्यानाकर्षण गराई क्याम्पमा खानाको व्यवस्था गर्न र घटनाको तत्काल अनुसन्धान गर्न एवं प्रशासनिक विकास, श्रम तथा सामाजिक मामला मन्त्रालय तथा आन्तरिक मामला मन्त्रालय अन्तर्गतको मानव अधिकार विभागसँग समन्वय गरी श्रमिकहरुको बाँकी रकम भुक्तानी दिलाउने काममा सहयोग पुर्‍याउन, इच्छुकलाई नयाँ काममा स्थानान्तरण गर्न वा घर जान चाहनेहरुलाई घर फर्कने व्यवस्था मिलाउन मद्दत गर्न अनुरोध गरेको थियो । त्यसको लगत्तै कतारको रेडक्रसले श्रमिकहरुलाई खाना उपलब्ध गरायो र रेजिडेन्सी परमिट नभएका केही श्रमिकहरुको त्यसका कारणबाट लागेको जरिबाना आन्तरिक मामला मन्त्रालयले मिनाहा गरेको थियो । त्यति हुँदाहुँदै पनि निःशुल्क कानुनी सहायता उपलब्ध गराइने भन्ने प्रतिवद्धता भने पूरा गरिएन ।

ADD PHOTO OF FOOD ?

मर्करी मिनाका श्रमिकहरुको अवस्थाका बारेमा एम्नेस्टी इन्टरनेसनलले अक्टोवर र नोभेम्बर २०१७ मा सबैभन्दा पहिला प्रशासनिक विकास, श्रम तथा सामाजिक मामला मन्त्रालयसँग छलफल गर्‍यो । त्यसका अलावा एम्नेस्टीले उक्त मन्त्रालयलाई जुलाई २०१८ मा पनि पत्र लेख्ने तथा भेट्ने काम गरेको थियो । मन्त्रालयले सेप्टेम्बर २०१८ मा एम्नेस्टीलाई लेखेको एक जवाफमा "काम परिवर्तन गर्न इच्छुकहरुलाई सहयोग गर्न प्रत्यक्ष भेट गरिएको ... खाना, स्वास्थ्य सहयोग, केहीलाई आवास, उजुरी दर्ता गर्नेहरुलाई कानुनी सहायता तथा उनीहरुको घटनाको अनुगमन गर्ने जस्ता सबै प्रकारका सहायताहरु उपलब्ध गराइएको" उल्लेख गरिएको थियो । त्यस्तै "कतार छाडेर जान चाहनेहरुलाई निःशुल्क टिकट दिने प्रतिवद्धता व्यक्त गरिएको" पनि मन्त्रालयले सो जवाफमा उल्लेख गरेको छ । केही श्रमिकहरुलाई त्यस्तो सहायता उपलब्ध गराइएको हुन सक्ने भएतापनि एम्नेस्टी इन्टरनेसनलले अन्तर्वार्ता गरेका श्रमिकहरुले घर फर्कने आफ्नो हवाई टिकटको भाडा आफैंले भुक्तानी गरेको बताए भने थोरैजनाले मात्र आधिकारिक रुपमा उजुरी दर्ता गराएका थिए ।

## सुधारको नयाँ अवसर - पुनर्संरचनाको लागि एक सम्भावना ?

*"म अहिले त्यस (विश्वकपको) बेला के होला भनेर अनुमान गरिरहेको छु । ... विश्वभरका मानिसहरु रमाइरहेका, हाँसिरहेका र यहाँका केही सुन्दर रङ्गशालाहरु, मनोरञ्जनस्थल र होटलहरुको भ्रमण गरिरहेका हुनेछन् । ... के उनीहरुले 'यी संरचनाहरुको पछाडिको कथाव्यथा के थियो होला' भनेर कहिल्यै विचार गर्लान्? मलाई लाग्छ गर्दैनन् । यस्ता कुराहरुमा आजकल खासै वास्ता गरिँदैन"*

अर्नेस्टो, पाइपिङ्गको फोरम्यान, मर्करी मिना, लुसेल सिटी, कतार ।

मर्करी मिनाको कतारको व्यवसायमा ठूलो घाटा भएको देखिन्छ । एम्नेस्टी इन्टरनेसनलका अनुसन्धानकर्ताहरुले नोभेम्बर २०१७ मा मर्करी मिनाको कार्यालय बन्द गरिएको र प्रयोगमा नरहेको फेला पार्‍यो । कम्पनीको विरुद्धमा अदालत पुगेका एकजना श्रमिकलाई रकम भुक्तानी दिन आदेश गरिएको सूचना कम्पनीको कार्यालयको ढोकामा टाँसिएको एम्नेस्टीका अनुसन्धानकर्ताहरुले देखेका थिए । कतारमा आप्रवासी श्रमिकहरुको व्यवस्थापन प्रणालीलाई अन्तर्राष्ट्रिय मापदण्डमा तोकिए बमोजिम बनाउने भनी त्यहाँका अधिकारीहरुले प्रतिवद्धता गरे । अक्टोवर २०१७ मा अन्तर्राष्ट्रिय श्रम संगठन ( आइएलओ) सँग तीन वर्षिय प्राविधिक सहयोग परियोजना सञ्चालन गर्ने सहमति गरेबाट स्पन्सरसीप प्रणालीमा उल्लेख्य सुधार हुने अपेक्षा गरिएको छ । कमसेकम श्रमिकको कानुनी मान्यता, काम परिवर्तन र देशबाट बाहिरिनमा रोजगारदाताको नियन्त्रण नरहने अवस्थाको अपेक्षा गरिएको छ । यी त्यस्ता पावन्दीहरु थिए जसका कारणले अर्नेस्टो लगायतका कयौं मर्करी मिनाका श्रमिकहरुले उनीहरुको इच्छा विपरीत काम गरिरहनु परेको थियो ।

आवतजावत/स्थानान्तरणमा विद्यमान यस्ता प्रतिवन्ध हटाइएमा, तलव सुरक्षा प्रणालीलाई मजबुत पार्दै तलब भुक्तानी गरिने कुरा सुनिश्चित गर्ने लगायतका उपायहरु अवलम्बन गरिएमा र श्रमजन्य ज्यादती सामना गरिरहेका श्रमिकहरुलाई आवश्यक उपचार उपलब्ध गराउन प्रभावकारी प्रणालीको विकास गरिएमा अर्नेस्टो, विवेक र मर्करी मिनाका उनीहरुका अन्य साथीहरुले भोग्नु परेको जस्तो ज्यादती रोकथाम गर्ने कुराले सार्थकता पाउने थियो ।

मे २०१८ मा कतारले नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अनुवन्ध (आइसीसीपीआर) र आर्थिक, सामाजिक तथा साँस्कृति अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध (आइसीइएससीआर) गरी दुईवटा अन्तर्राष्ट्रिय मानव अधिकार सन्धिहरु अनुवन्ध अनुमोदन गर्ने घोषणा गर्‍यो । तरपनि त्यसरी अनुमोदन गर्दा लैङ्गिक समानता, सारिया कानुन अनुसारको सजायँ र ट्रेड युनियन खोल्न पाउने आप्रवासी श्रमिकहरुको अधिकारमा "शर्तहरु राख्ने" उसले बतायो । यदि कतारले ती सन्धिहरुका मूलभूत सिद्धान्त विपरीत हुने उक्त शर्तहरुलाई फिर्ता लिई ती सन्धिहरुलाई गम्भीरतापूर्वक कार्यान्वयन गरेमा यसबाट विभेदमा पर्न नपर्ने, उचित पारीश्रमिक पाउने, आवतजावतको स्वतन्त्रता र अधिकारको सम्मान र संरक्षण हुने थियो । यसका माध्यमबाट शोषणपूर्ण कफाला प्रणाली अन्त्यको आधार पनि तयार हुने थियो ।

अहिलेसम्म कतारले धेरै पहिला सन् २०१५ मा नै 'कफाला प्रणाली खारेज गरेको' दाबी सहित विगतमा हेडलाईन बन्ने घोषणाहरु गरेको छ । तर यस अनुसन्धानले अर्को एउटा उदाहरण स्थापित गरेको छ कि सो घोषणा पछि केवल न्युन मात्रै सुधारहरु गरिएका छन्, र जसको कार्यान्वयनको अभावले त्यस देशका श्रमिकहरुलाई नगन्य मात्र संरक्षण प्रदान गरेको छ ।

नोभेम्बर २०१८ मा कतारले आइएलओको गभर्निङ् निकायलाई सन् २०१७ मा घोषणा गरिएको सुधारका घोषणाहरु कार्यान्वयनमा भएका प्रगतिहरुको प्रतिवेदन पेश गर्नु पर्नेछ। यस पटकका प्रगतिहरु भने यथार्थपरक हुनु पर्नेछ।

अर्नेस्टो अहिले फिलिपिन्स फिर्ता गएका छन्। उनी आफ्नी श्रीमती र छोरालाई भेट्न पाएर खुशी छन्, तर कतार आउनका लागि लिएको र हाल बढ्दै गएको ऋणले सिर्जना गरेको दवावसँग संघर्ष गरिरहेका छन्, जुन ऋण अझैसम्म उनले तिर्न सकेका छैनन्। कतारलाई "ग्रीनर पाश्चर" (अलौकिक स्थान) को रुपमा देख्ने परिवारको सुखपूर्ण जीवन विताउने उनको सपना त अहिलेसम्म समाप्त भयो होला, तर अर्नेस्टो र उनीजस्तै अन्यले भोग्नु परेको अन्यायको अवस्था अन्त्य गर्ने कतारको मौकाको भने अझै अन्त्य भएको छैन। केही समयअघिमात्र रसियामा भएको विश्वकपको प्रदर्शन पछि सबैको ध्यान अब त्यस खाडी राष्ट्रतर्फ र त्यहाँको नेतृत्वले गरेका प्रतिवद्धतातर्फ केन्द्रीत भएको छ। यदि विश्वकपलाई आप्रवासी श्रमिकहरुको अधिकारको अर्थपूर्ण, व्यवस्थित र दीगो परिवर्तन ल्याउने अवसरका रुपमा उपयोग गर्ने हो भने त्यसलाई पुष्टि गर्नका लागि कतारसामु रहेको समय छिटो छिटो गुज्रँदै छ।